REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs       Date: 18.11.2024

---

*Union Minister*

सिक्किम भ्रमणमा आउनुभएका केन्द्रीय कृषि तथा कृषक कल्याण राज्य मन्त्री श्री राम नाथ ठाकुर पूर्वोत्तर सम्पर्क सेतु का लागि आज मंगन जानुभयो।

पूर्वोत्तर सम्पर्क सेतु पि एस एस केन्द्रीय मन्त्रीहरूद्वारा पूर्वोत्तर क्षेत्रहरूको पन्ध्र पन्ध्र दिनमा गरिने भ्रमणलाई छरितो बनाउने र देखरेख कार्य बढ़ाउने शक्तिशाली साधन हो।

विभिन्न  विभागका प्रमुखहरू अधिकारीगण र अधिकृतहरूसितको भेटघाटमा मन्त्रीले जिल्ला कार्यालय प्रमुखहरूलाई जिल्लाको गितमा काम गरेर थाँतीमा रहेका कार्यहरू यथाशीघ्र पूरा गर्नु भन्नुभएको छ।

श्री ठाकुर नवनिर्मित जिल्ला अस्पताल पनि जानुभयो।

कृषि विज्ञान केन्द्र मंगन पुगेर उहाँले विभिन्न विभागद्वारा राखिएका स्टलहरूको भ्रमण गरी क्रपकहरू र केन्द्रका अधिकृतहरूसित बातचीत गर्नुभयो।

केन्द्रीय मन्त्री नागाको आपदा प्रभावित क्षेत्रहरूमा पनि जानुभयो।

त्यहाँ श्री ठाकुरले स्थानीय वासिन्दाहरू र वार्ड पञ्चायतसित भेट गरेपछि सम्वन्धित विभागहरूका अधिकृतहरूसित आंकलन रिपोर्ट र वर्तमान स्थितिवारे चर्चा गर्नुभयो।

यसैवीच केन्द्रीय कृषि तथा कृषक कल्याण राज्य मन्त्रीले आज गान्तोकको राजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित भेट गर्नुभए।

भेटघाटका बेला उहाँहरूले खेतीपाती सम्वन्धी विभिन्न विषयहरू, ढिगो कृषि र जैविक खेतीमा सिक्किमलाई अग्रणी स्थितिमा पुऱ्याउने उपायहरू सम्वन्धमा चर्चा गर्नुभयो।

---

*Governor*

राज्यपाल श्री ओम प्रकाश माथुरले आज प्रसिध्द तिमि चिया बगानको दौडाह गर्नुभयो। उहाँ नाम्ची जिल्लाको दुई दिने भ्रमणमा हुनुहुन्थ्यो। चिया बगानकी प्रवन्ध निदेशक श्री अवंलगन सुन्दरमसितको कुराकानीमा उहाँलाई तिमी चिया बगानमा उत्पादन गरिने विभिन्न थरीका चियाहरूवारे जानकारी प्रदान गरियो।

चिया कारखानामा श्री सहायक प्रवन्धक श्री प्रतीक गौतमले तिमि चिया बगानको इतिहास र संचालन र चिया प्रसंस्करण सम्वन्धमा पावर पोइन्ट प्रस्तुतीद्वारा अवगत गराउनुभयो।

पछि उहाँले त्यहाँका कर्मीहरूसित भेट गरी उनी कार्य स्थितिवारे जानकारी लिनुभयो।

---

*SREDA*

राज्य सरकारले बिजुली उत्पादनका लागि पवन ऊर्जाको प्रयोगमाथि विशेष ध्यान दिएर ऊर्जाको नवीकृत श्रोतको पत्तो लगाउनमा प्राथमिकता दिइरहेछ।

यसै प्रतिवध्दताको आधारमा अनुसन्धान र अध्ययन गर्न एउटा समिति गठन गरिएको छ र सम्वन्धित विभागहरूको दिशानिर्देश काम शुरू गरिसकिएको छ।

सिक्किम नवीकृत ऊर्जा विकास एजेन्सीका निदेशक श्री सी पी शर्माको नेतृत्वमा एउटा टीमले नाशी डाँडा र एम डाँडाको व्यापक सर्वेक्षण गरयो।

पवनद्वारा विजुली उत्पादन गरिने मशिन अर्थात विण्ड टरबाइन जड़ान गर्नु, धेरै मात्रामा विजुली उत्पादन सम्भावनाको मूल्याङ्कन गर्ने र स्र्वाधिक पवन ऊर्जा क्षमता रहेका क्षेत्रहरूको पत्तो लगाउनु स्र्वेक्षणको उद्देश्य थियो।

---

*Ayushman Health Card*

देशमा हालै आरम्भ गरिएको आयुस्मान वय बन्दना कार्डले सत्तरी वर्ष र यसभन्दा अधिक उमेरका दस लाख भन्दा धेरै वरिस्ठ नागरिकहरूलाई नामाङ्कित गरेर एउटा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ।

यस कार्डले वृध्द नागरिकहरूलाई आयुस्मान भारत प्रधानमन्त्री जन आरोग्य योजना अन्तर्गत निशुल्क स्वास्थ्य सेवा लाभ प्राप्त गर्न सक्षम बनाउँछ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भनेको छ यो उपलब्धि प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा उन्तीस अक्तूवरमा शुभारम्भ गरिएको तीन साता भित्र हासिल भएको छ।

आयुस्मान वय बन्दना कार्ड अन्तर्गत लगभग चार लाख नामाङ्कन महिलाहरूले गरेका छन्।

अहिलेसम्म यस योजना सत्तरी वर्ष र यसभन्दा अधिक आयुका चार हजार आठ सय भन्दा धेरै वरिस्ठ नागरिकहरू लाभान्वित भए। यीमध्ये चौधसय भन्दा बढ़ी महिलाहरू सामेल छन्।

आयुस्मान वय बन्दना कार्ड सार्वभौमिक हो लाभार्थी गरीब, मध्यम वर्ग उच्च कुनै पनि वर्गका हुन यसमा कुनै आय सीमा छैन।

---

*Award*

क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान, गान्तोकका प्रभारी सहायक निदेशक डा अचिन्तय मित्रलाई प्रतिस्ठित गुरूजी माधव सदाशिव गोल्वाल्कर स्मृति विज्ञान सम्मान 2022 ले अलंकृत गरिएको छ।

पुरस्कारको रूपमा आंगवस्त्र स्मृतिचिन्ह र पचास हजार रूपियाँ धनराशि सामेल छ।

आयुर्वेद सम्वन्धी शोधका लागि उल्लेखनीय योगदान, विभिन्न प्रकारका रोगीहरूको उपचार र कोविड 19 महामारीका बेला चिकित्सा उपचारद्वारा जनताको सेवा गर्ने महत्वपूर्ण प्रयासलाई ध्यानमा राखेर उहाँलाई सम्मानित गरिएको हो ।

भारतीय अभियान्त्रिकी विज्ञान तथा प्रौद्योगिकी संस्थान शिवपुर हाउडामा भारतीय गुरूकुलद्वारा हिजो आयोजित समारोहमा डा अचिन्त्य मित्रलाई पुरस्कृत गरियो ।

---

*Football*

नर्थइस्ट युनाइटेड फुटबल क्लबले चालिसौं अखिल भारतीय राज्यपाल स्वर्णकप अन्तरराष्ट्रिय फुटबल टुर्नामेण्टको सेमिफाइनलमा प्रवेश गरेको छ ।

गान्तोकको पाल्जोर स्टेडियममा आज भएको तेस्रो क्वार्टर फाइनलमा यस टीमले दुबईको रोयल फुटबल क्लबलाई छ गोलले परास्त गरयो ।

पराजित टीमले एक गोल मात्र गर्नसक्यो ।

भोलि फलडलइटमा हुने अन्तिम क्वार्टर फाइनल म्याचमा चेन्नाइको चेन्नाइया फुटबल क्लब चर्च बोइस युनाइटेड नेपालसित भिड्नेछ ।

सिक्किम फुटबल संघद्वारा आयोजित टुर्नामेणटमा जम्मा सोह्र टीमले भाग लिइरहेछन् ।

यसै महीना आठ तारीकदेखि शुरू भएको टुर्नामेण्टको फाइनल चौविस नवम्वरमा हुनेछ ।

यो वार्षिक प्रतिस्ठित र लोकप्रिय फुटबल टुर्नामेण्ट, दुई हजार उन्नाइस सालमा आयोजन भएको चार वर्षपछि यसपालि आयोजित भइरहेछ ।

---